ोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

संख्या : ०७९/८०
ानी नं. :

मिति : २०८०/०१/२०

**प्रस्तावित नेप्से - ३० इन्डेक्समा राय सुझाव उपलब्ध गराउने बारे**

नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) ले नीतिगत, संस्थागत तथा प्रविधि मार्फत पुँजी बजारको विकास गरी लगानीकर्ताहरुलाई आधुनिक दोस्रो बजार कारोबार सुविधा उपलब्ध गराउँदै आएको सर्वविदितै छ। यसै क्रममा नेप्सेले दोस्रो बजार कारोबारलाई थप सुदृढ बनाउन सहयोग पुग्ने गरी सूचकांकहरुको विकास, सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्य अनुरुप बजारमा तत्काल कारोबारयोग्य (Free Float) सेयरहरुलाई समावेश गरी बजार पुँजीकरणमा आधारित (Value Weighted) सूचकांकको रुपमा नेप्से-३० इन्डेक्स तर्जुमा हुने व्यहोरा सरोकारवाला सबैमा जानकारी गराइन्छ। यस सूचकांकले बजार कारोबार तथा उतारचढावलाई प्रतिबिम्बित गर्नुका साथै डेरिभेटिभ प्रकृतिको निश्चित अवधिको कारोबार उपकरण सञ्चालन, पोर्टफोलियो व्यवस्थापन, Exchange Traded Fund सञ्चालन लगायतमा सघाउ पुऱ्याउने अपेक्षा नेप्सेले राखेको छ। यसबाट दोस्रो बजार कारोबारमा नयाँ आयाम थपिने र लगानीकर्तालाई भविष्यमा थप कारोबारयोग्य उपकरण प्राप्त हुन जान्छ। दीर्घकालिन महत्व राख्ने यस सूचकांकको गणना विधि र यसमा समावेश गरिने सूचीकृत संगठित संस्था छनौटको विधि पारदर्शी तथा विश्वसनीय बनाउन सरोकार राख्ने सबैको रायसुझाव आवश्यक हुने भएकोले प्रस्तावित नेप्से-३० इन्डेक्सको सन्दर्भमा तय गरिएको सूचीकृत संगठित संस्था छनौटका आधारहरु तथा इन्डेक्स गणना विधि उपर आ-आफ्नो अमूल्य रायसुझाव मिति २०८० जेठ ५ गते भित्र इमेल: research@nepalstock.com.np मा उपलब्ध गराइदिनुहुन सरोकारवाला सबैमा अनुरोध छ।

**प्रस्तावित नेप्से-३० इन्डेक्समा समावेशका लागि सूचीकृत संगठित संस्था (कम्पनी) छनौटका आधारहरु :**

(क) प्रति सेयर चुक्ता मुल्य भन्दा प्रति सेयर कितावी मूल्य बढि हुनुका साथै विगत ५ आर्थिक वर्षमध्ये पछिल्लो आर्थिक वर्ष सहित कम्तिमा ३ वर्ष खुद नाफामा रहेको।

(ख) अघिल्लो आर्थिक वर्षमा प्रतिसेयर आम्दानी (Earning Per Share, EPS) चुक्ता मूल्यको न्यूनतम १० प्रतिशत रही सोही वर्षको वार्षिक मुद्रास्फीति दर भन्दा बढी रहेको।

०१/२०

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल।
P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal.
Tel.: 4250755–59, 4250734–35 Fax: 4262538
email : info@nepalstock.com
यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.

(ग) कम्पनीको कम्तिमा २५ प्रतिशत सेयर सर्वसाधारणमा जारी भएको वा कुल फ्रि-फ्लोट बजार पुँजीकरणमा सम्बन्धित कम्पनीको फ्रि-फ्लोट बजार पुँजीकरण एक प्रतिशतभन्दा बढी रहेको ।

(घ) सेयरधनीको संख्या कम्तीमा २०,००० रहेको ।

(ङ) पछिल्लो ६ महिनाको अवधिमा दैनिक औसत रु. २५ लाख वा सोभन्दा बढी रकमको कारोबार भई दैनिक औसत ५००० कित्ता वा सोभन्दा बढी कित्ताको कारोबार भएको र दैनिक औसत ४० वा सो भन्दा बढी पटक कारोबार भएको ।

(च) पछिल्लो ६ महिनाको अवधिमा उपलब्ध कारोबार दिनहरु मध्ये न्यूनतम ७५ प्रतिशत दिनहरुमा कारोबार भएको ।

**प्रस्तावित नेप्से-३० इन्डेक्सको गणना विधि :**

१. उपरोक्त मापदण्डहरुबाट छनौट भएर आएका कम्पनीहरुको प्रारम्भिक सूची तयार गर्ने ।

२. प्रारम्भिक सूचीमा समावेश भएका सबै सूचीकृत संगठित संस्थाको फ्रि-फ्लोट बजार पुँजीकरण, पछिल्लो वर्षको प्रति सेयर आम्दानी, कारोवार रकम, कारोवार संख्या तथा कारोबार कित्ताका आधारमा प्रत्येकलाई (अर्को पृष्ठमा) दिइएको उदाहरण अनुसार भार प्रदान गरी कुल भार (Composite Weight) गणना गर्ने ।

३. सूचीकृत संगठित संस्थाहरुलाई **बैंक तथा वित्तीय संस्था, लघुवित्त, बिमा, जलविद्युत, उत्पादनमूलक, व्यापार तथा सेवा** गरी ६ वटा क्षेत्रगत समूहमा वर्गीकरण गरी बुँदा नं. २ मा उल्लेख गरिएको विधि अनुसार प्रत्येक समूह भित्र छुट्टाछुट्टै कम्पनीको आ-आफ्नै समूहमा कूल भार (Sectoral Composite Weight) गणना गर्ने र उच्चतम भार प्राप्त गर्ने संगठित संस्थाहरुबाट ८ वटा कम्पनी छनौट गर्ने । कुनै समूहमा ८ संगठित संस्था भन्दा कम छनौट भएमा उपलब्ध सबै संगठित संस्था छनौट गर्ने ।

४. बुँदा नं. ३ अनुसार छनौट भएका संगठित संस्थाहरुको संख्या ३० भन्दा बढि भएमा बुँदा नं. २ अनुसार गणना गरिएको कूल भारमा कम भार भएका कम्पनीहरुलाई हटाई ३० कम्पनी कायम गर्ने र यसरी कम्पनी हटाउदा प्रत्येक समूहवाट कम्तीमा एक संगठित संस्था कायम गर्ने ।

५. बुँदा नं. ३ अनुसार छनौट भएका संगठित संस्थाहरुको संख्या ३० भन्दा कम भएमा प्रत्येक समूहवाट आठ भन्दा बढि कम्पनी छनौट नहुने गरी बुँदा नं. २ अनुसारको विधिवाट सूचीकृत सबै कम्पनीको कूल भार गणना गर्ने र उच्चतम भार प्राप्त गर्ने कम्पनी थप गरी कम्पनीको संख्या ३० पुऱ्याउने ।

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल ।
P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal.
Tel.: 4250755–59, 4250734–35 Fax: 4262538
email : info@nepalstock.com
यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.

ोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

संख्या : ०७९/८०
ानी नं. :

भार अंक गणना गर्ने विधिको उदाहरण :

| S.N. | Company Name | Free-Float Market Capitalization | | EPS | | Trade Amount | | Number of Shares Traded | | Number of Transactions | | Composite Weight |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Amount | Weight (40%) (A) | Amount | Weight (30%) (B) | Amount | Weight (10%) (C) | Shares Number | Weight (10%) (D) | Number | Weight (10%) (E) | |
| 1 | AAA | 21337.79 | 0.034 | 11.95 | 0.018 | 8278728.81 | 0.005 | 25580.34 | 0.006 | 203.02 | 0.008 | 0.071 |
| 2 | BBB | 8720.62 | 0.014 | 14.12 | 0.021 | 8114661.02 | 0.005 | 41502.84 | 0.010 | 188.10 | 0.007 | 0.057 |
| 3 | CCC | 19598.16 | 0.031 | 36.24 | 0.054 | 18424576.27 | 0.011 | 36993.14 | 0.009 | 192.26 | 0.007 | 0.113 |
| 4 | DDD | 6617.94 | 0.011 | 16.90 | 0.025 | 3016355.93 | 0.002 | 9149.87 | 0.002 | 83.92 | 0.003 | 0.043 |
| 5 | EEE | 11631.62 | 0.019 | 13.10 | 0.020 | 11978813.56 | 0.007 | 61387.86 | 0.015 | 96.77 | 0.004 | 0.064 |
| 6 | FFF | 12539.88 | 0.020 | 16.44 | 0.024 | 5914745.76 | 0.004 | 25461.08 | 0.006 | 124.69 | 0.005 | 0.059 |
| 7 | GGG | 77274.79 | 0.123 | 15.73 | 0.023 | 53499237.29 | 0.032 | 66129.90 | 0.016 | 844.81 | 0.032 | 0.227 |
| 8 | HHH | 25621.13 | 0.041 | 22.67 | 0.034 | 15404830.51 | 0.009 | 53973.69 | 0.013 | 279.70 | 0.011 | 0.108 |
| 9 | III | 45500.89 | 0.073 | 36.45 | 0.054 | 35757796.61 | 0.021 | 50699.01 | 0.013 | 402.12 | 0.015 | 0.176 |
| 10 | JJJ | 22139.23 | 0.035 | 17.92 | 0.027 | 7437542.37 | 0.004 | 30272.03 | 0.008 | 187.86 | 0.007 | 0.081 |
| | **Total** | **250982.06** | | **201.54** | | **167827288.14** | | **401149.75** | | **2603.26** | | |

Where, Composite Weight = A + B + C + D + E

०९।२०

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल ।
P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal.
Tel.: 4250755–59, 4250734–35 Fax: 4262538
email : info@nepalstock.com
यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.

ोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

संख्या : ०७९/८०

ानी नं. :

(A) Market Capitalization Weight = $\frac{Individual\ Company\ Market\ Capitalization}{Total\ Market\ Capitalization} x\ 40\%$

(B) EPS Weight = $\frac{Individual\ Company\ EPS}{Total\ EPS} x\ 30\%$

(C) Trade Amount Weight = $\frac{Individual\ Company\ Trade\ Amount}{Total\ Trade\ Amount} x\ 10\%$

(D) Number of Shares Traded Weight = $\frac{Individual\ Company\ Number\ of\ Company\ Shares\ Traded}{Total\ Number\ of\ Shares\ Traded} x\ 10\%$

(E) Number of Transactions Weight = $\frac{Individual\ Company\ Number\ of\ Transactions}{Total\ Number\ of\ Transactions} x\ 10\%$

**इण्डेक्स गणना विधिः**

$$\text{नेप्से ३०} = \frac{\text{नेप्से ३० इन्डेक्स वास्केटका कम्पनीहरुको फ्रीफलोट सेयरको हालको बजार पुँजीकरण}}{\text{नेप्से ३० इन्डेक्स वास्केटका कम्पनीहरुको फ्रीफलोट सेयरकोआधार बजार पुँजीकरण}} x\text{१०००}$$

**आधार बजार पूँजीकरण**

यस इन्डेक्स गणना गर्नका लागि आधार बजार पुँजीकरण मिति २०७९ पौष ३० गतेको फ्रि-फ्लोट बजार पुँजीकरणलाई लिईने छ ।

**रिब्यालेन्सिग**

यस इन्डेक्सलाई प्रत्येक वर्ष भदौ महिनाको अन्तिम शुक्रबार र फागुन महिनाको अन्तिम शुक्रबार रिब्यालेन्सिग गरी कम्पनी थप-घट गरिनेछ ।

२०८०।०१।२०

डिल्ली प्रसाद उपाध्याय

(अधिकृत)

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल ।
P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal.
Tel.: 4250755–59, 4250734–35 Fax: 4262538
email : info@nepalstock.com

यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.